नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन नं. : ४२००१६५
Email: - Seniorcitizen@mowcsc.gov.np
Web site: www.mowcsc.gov.np

पत्र संख्याः २०८२/०८३

## शुभकामना सन्देश

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८ साल ज्येष्ठ १० को निर्णय बमोजिम प्रत्येक वर्ष पौष ११ गते मनाईने राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा सम्वद्ध सबैमा शुभकामना व्यक्त गर्दछु। नेपालमा पहिलोपटक ज्येष्ठ नागरिकहरु लाई बृद्ध भत्ता (सामाजिक सुरक्षा भत्ता) घोषणा गरेको दिन २०५१ साल पौष ११ गते को दिनलाई ज्येष्ठ नागरिक प्रति सम्मान र मनोवल बृद्धि गर्न विभिन्न कार्यक्रमका साथ राष्ट्रिय दिवस मनाउदै आएको छ। यस वर्ष **"हाम्रो साझा अभियानः ज्येष्ठ नागरिकप्रति श्रद्धा र सम्मान"** भन्ने राष्ट्रिय नाराका साथ पाँचौ राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउन गईरहेका छौ। आजको यस दिनले ज्येष्ठ नागरिकको क्षेत्रमा काम गर्ने हरेक व्यक्ति, ज्येष्ठ नागरिकका परिवार, समाज तथा राष्ट्रलाई ज्येष्ठ नागरिकको मर्यादित जीवनयापनका लागि सहज वातावरण निर्माण गर्न प्रेरित गर्नेछ भन्ने विश्वास लिएको छु।

ज्येष्ठ नागरिकहरु अनुभव, ज्ञान र संस्कारका जीवित स्रोतहुन। उनीहरुले परिवार, समाज र राष्ट्र निर्माणमा पुऱ्याएको योगदान अमूल्य छ। आज हामीले भोगिरहेका राम्रा राम्रा प्रचलन, सामाजिक मूल्य, परम्परा र संस्कार उनीहरुकै मार्गदर्शन र योगदानको परिणाम हो। ज्येष्ठ नागरिको संख्या विश्वव्यापि रुपमा दिन प्रतिदिन बढिरहेको अवस्था छ। बदलिदो सामाजिक संरचना, एकल परिवारको बढ्दो प्रवृति, वैदेशिक रोजगारी तथा व्यस्त जीवन शैलीका कारण धेरै ज्येष्ठ नागरिकहरु एक्लोपन,उपेक्षा र असुरक्षाको सामना गर्न बाध्य छन्। त्यसैले राज्य, समाज र परिवार सबै मिली उनीहरुको शारिरीक, मानसिक तथा सामाजिक सुरक्षामा विशेष ध्यान दिन आवश्यक देखिन्छ। ज्येष्ठ नागरिकलाई राज्यबाट बिशेष संरक्षण तथा सामाजिक सूरक्षाको संवैधानिक हकको कार्यान्वयन गर्नु सबैको दायित्व हो। ज्येष्ठ नागरिकका सवालमा सरोकारवाला सबैको चासो र चिन्ता हुनु जरुरी छ। सो तर्फ तीनै तहका सरकार, सरोकारवाला निकाय, नागरिक समाज, घर परिवार लगायत सबै क्षेत्रको समन्वय सहकार्य र साझेदारी आवश्यक छ।

ज्येष्ठ नागरिकहरुमा रहेको अनुपम ज्ञान र सीपको पुस्तान्तरण गर्ने, प्रभावकारी स्याहार सेवा प्रदानको सूनिश्चिता गर्ने र अन्तराष्ट्रिय अनुभवले समेत स्वीकार गरेको स्याहार सम्बन्धी सूविधा मूलतः परिवार बाटै पाउनु पर्ने बिषयमा तालमेल र सन्तुलन कायम गर्ने विषय हालको परिस्थितिमा चूनौतीपूर्ण देखिएको छ। यसका लागि स्याहार सेवाको आवश्यकता र अर्थतन्त्रमा यसको योगदानको महत्वलाई समेत आत्मसात गरी स्याहार उद्यमको प्रवर्द्धन र विकास गर्नु आवश्यक देखिएको छ।

अन्तमा पाँचौ राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा सम्पूर्ण ज्येष्ठ नागरिकहरु प्रति श्रद्धा र सम्मान व्यक्त गर्दै ज्येष्ठ नागरिकका हित हुने क्षेत्रमा सहकार्यको लागि सबैमा आव्हान गर्दछु।

**धन्यवाद**

लक्ष्मीकुमारी बस्नेत
सचिव